"Partnership for Urban Governance"

DAO Regd. No. 2/054/55 NDA-2018

# नेपाल नगरपालिका संघ
# Municipal Association of Nepal (MuAN)

530 Pandol Marg, Lazimpat
PO Box : 14206, Kathmandu, Nepal
Tel : (977-1) 4425692, 4420559
Fax : (977-1) 4418671
Email : muan@ntc.net.np, info@muannepal.org.np

Ref. २३२/०७८/७७

मिति: २०७७/०२/२३

श्री सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यू
नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय
सिंहदरबार काठमाडौं

**विषय: आ.व. ०७७/७८ को बजेट नीति तथा कार्यक्रम बारे ।**

सम्माननीय राष्ट्रपतिज्यूले संघीय संसदको दुवै सदनमा प्रस्तुत आ.व. २०७७/७८ को नीति तथा कार्यक्रम र माननीय अर्थमन्त्रीज्यूबाट हालै संघीय सदनमा प्रस्तुत भएको आ.व. ०७७/७८ को बजेट सिद्धान्त एवं बजेट वक्तव्यमा आगामि आ.व.को बजेट आर्थिक पुनरुत्थान, स्वास्थ्य तथा कृषिमा केन्द्रीत गर्ने र साना कार्यक्रमहरुमा बजेट नछर्ने प्रतिवद्धताको स्वागत गर्न चाहान्छौं । स्थानीय सरकारमा अनलाईन प्रणालीबाट व्यक्तिगत घटना दर्ता गर्ने, स्थानीय तह मार्फत किसानको सूचिकरण गर्ने, स्थानीय तहमा रोजगार सेवा केन्द्रको स्थापना र रोजगार व्यवस्थापन सूचना प्रणाली संचालन र श्रम सूचना बैंक स्थापना गर्ने, नेपाल सरकारबाट संचालित कार्यक्रम सँग दोहोरो नपर्ने गरी प्रदेश र स्थानीय तहबाट विकास निर्माण र सेवा प्रवाह गरिने, कोरोना नियन्त्रणका लागि गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच सुनिश्चित गर्न ५ देखि १५ शैया सम्मका आधारभूत अस्पताल स्थापना गर्ने नीति अनुसार आगामी वर्ष थप २७२ अस्पतालकालागि बजेट विनियोजन गरिएकोमा नेपाल नगरपालिका संघको तर्फबाट हार्दिक धन्यवाद दिन चाहन्छौं । साथै शहरी पूर्वाधार विकास कायर्क्रमकालागि बजेट विनियोजन गरिएको कुरा सकारात्मक रहेको र गत आ.व.को बजेट वक्ताव्य मार्फत स्मार्ट सिटी र मेगा सिटीको लागि आवस्यक थप रकम हालको नीति, कार्यक्रम तथा बजेटमा पनि समावेश गरिदिन हार्दिक अनुरोध गर्दछौं ।

अन्तमा, कोभिड-१९ महामारीको प्रभाव न्यूनिकरण गर्न आगामि बजेटमा विविध कार्यक्रमहरु समावेश भएको प्रति खुशी व्यक्त गर्दछौ । यस महामारीको संक्रमण रोकथाम, उपचार तथा राहत वितरणमा स्थानीय सरकारहरुले अग्र पंतीमा रहि सकृय भूमिका खेलिरहेको सन्दर्भमा रोग नियन्त्रण र प्रभाव न्यूनिकरणमा स्थानीय सरकारको भूमिका अझ प्रभावकारी र सवल बनाउन आवश्यक राहत, स्वास्थ्यकर्मी भत्ता, स्वास्थ्य सामाग्री र व्यवस्थित क्वारेन्टीन व्यवस्थापनका लागि आवश्यक थप स्रोत परिचालनको व्यवस्था गरि सहयोग गरिदिनु हुन अनुरोध गर्दछु ।

अशोक ब्याञ्जु श्रेष्ठ
अध्यक्ष